निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग नेपाल 2023

प.सं. च.नं. / Ref:

मितिः २०८२/०७/२५
ने.सं. ११४६ कछलागाः ६, मंगलबार

# निर्वाचन आयोगको अपिल

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तर मिति २०८२/११/२० गतेसम्म १८ वर्ष उमेर पूरा नहुने नागरिकहरूले निर्वाचन सम्पन्न भए पश्चात मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने हुँदा आगामी प्रतिनिधि सभा सदस्यको निर्वाचनमा मतदान गर्नको लागि मिति २०८२/११/२० गतेसम्म १८ वर्ष उमेर पूरा हुने नागरिकहरू मात्र मतदाता नामावलीमा नाम दर्ता गरिदिनुहुन निर्वाचन आयोग हार्दिक अपिल गर्दछ।

नाम दर्ता स्थलहरूमा देखिएको सेवाग्राहीको अधिक चापलाई व्यवस्थापन गर्न र सहज रूपमा सेवा प्रवाह गर्नको लागि दैनिक ८०० भन्दा बढी नाम दर्ता भईरहेका जिल्लाहरूमा ६/६ घण्टाका दरले दुई सिफ्टमा (दैनिक १२ घण्टा) सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। यसका लागि काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट थप १४ जना दर्ता कर्मचारी खटाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले सेवाग्राहीको चापका आधारमा थप जनशक्ति खटाउने गरी गृह मन्त्रालयमा पत्राचार गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

नारायण प्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np